**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १५ गते शुक्रबार ❑ 29 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## आर्थिक गणनामा दश लाख बढी व्यावसायिक प्रतिष्ठानको विवरण सङ्कलन

**रासस**
काठमाडौं, १४ जेठ

राष्ट्रिय तथ्याङ्क कार्यालयले दोस्रो चरणको आर्थिक गणनाअन्तर्गत करिब १४ लाख प्रतिष्ठानलाई समेट्ने लक्ष्य राखेकामा १० लाख २० हजार ९०४ व्यावसायिक प्रतिष्ठानको आर्थिक विवरण सङ्कलन गरेको छ । उद्योग, व्यापार-व्यवसाय र सेवा क्षेत्रको यथार्थ विवरण पत्ता लगाउने उद्देश्यले गत वैशाख २ गतेदेखि असार ७ गतेसम्म जारी उक्त गणनामा कार्यालयले व्यवसायी तथा प्रतिष्ठानको आम्दानी, खर्च, रोजगारी, दर्ताको अवस्थालगायत विवरण सङ्कलन गरेको हो ।

तोकिएका गणक तथा सुपरीवेक्षक देशभरका वडामा पुगेर कागजी प्रश्नावलीमार्फत व्यावसायिक प्रतिष्ठानको विवरण सङ्कलन गरिरहेको आर्थिक गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले जानकारी दिनुभयो । व्यवसायीले आफ्नो विवरण आफैँ अनलाइनमार्फत भरेर गणनामा सहभागिता जनाउनसक्ने व्यवस्था कार्यालयले गरेको छ ।

यही जेठ १३ गतेसम्म अनलाइनमार्फत तीन हजार ६७९ प्रतिष्ठानको आर्थिक विवरण अनलाइन सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो । सात हजार ४५३ व्यावसायिक प्रतिष्ठानले आफ्नो विवरण आफैँ 'अनलाइन'बाट भर्ने प्रतिबद्धता जनाएका थिए । कार्यालयले लिइएको लक्ष्यअनुसार देशभर करिब ७० प्रतिशत कार्यप्रगति भएको जनाइएको छ । गणनाका क्रममा व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्याङ्क सङ्कलन गरिएको छ । विसं २०७५ मा पहिलोपटक गणना गरिएकामा यसपटक दोस्रो गणना भइरहेको छ । देशको आर्थिक गतिविधि प्रस्तुत गर्ने र राष्ट्रिय आर्थिक नीति निर्माणमा आधार प्रदान गर्ने उद्देश्यले गणना गरिएको हो । सङ्कलित विवरणका आधारमा सरकारलाई व्यावसायिक नीति, वाणिज्य नीति तथा आर्थिक विकासका तथ्यपरक योजना बनाउन सहज हुने जनाइएको छ ।

सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापार-व्यवसाय र सेवा क्षेत्रलाई समेट्न लागिएको उक्त गणनाका लागि तीन हजार ९०६ गणक तथा ५२६ सुपरीवेक्षक खटिएका छन् ।

कार्यालयले आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार-व्यवसाय गर्ने सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आह्वान गरेको जनाइएको छ ।

देशको आर्थिक विकासका लागि महत्त्वपूर्ण तथ्याङ्क प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ । गणनालाई बढी भरपर्दो र विश्वासिलो बनाउन वडामा समेत समिति गठन गरिएको जनाइएको छ ।

## अनधिकृत संरचना हटाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ



पोखरा महानगरपालिका-९ पृथ्वीचोक क्षेत्रमा सरकारी जग्गा अतिक्रमण गरी विभिन्न सङ्घसंस्थाले बनाएका अनधिकृत भवनमा महानगरले आज डोजर चलाएको छ ।

हङकङ बजारको पूर्वपट्टी रहेका नेपाल ट्रेड युनियन कांग्रेस, जिफन्ड गण्डकी, सामुदायिक प्रहरी, सहारा क्लब, हिमाली सांस्कृतिक परिवारको भवन, सार्वजनिक शौचालयलगायतका संरचना हटाउन सुरु गरिएको हो । सुरक्षाकर्मीको बाक्लो उपस्थितिमा दुईवटा डोजर प्रयोग गरेर संरचना हटाउन थालिएको हो । महानगरले संरचना हटाउने पूर्वसूचना गरेपछि सङ्घसंस्था र व्यवसायीले भवन तथा सटर आफैँ खाली गरेका थिए । महानगर प्रमुख धनराज आचार्यले अतिक्रमित संरचना हटाएर दुई लेनको सडक निर्माण गरिने बताउनुभयो । उक्त सडक निर्माणपछि पृथ्वीचोकको ट्राफिक व्यवस्थापन सहज हुने उहाँको भनाइ छ । पोखरा उपत्यकता नगरविकास समितिको जग्गा अतिक्रमण गरेर विभिन्न सङ्घसंस्थाले भवन बनाइ सटर भाडामा लगाउँदै आएका थिए । महानगरपालिकाले आयोजनागरेकोसर्वदलीय/सर्वपक्षीय छलफलपछि राजनीतिक दलका भातृसंस्थालगायतले भवन खाली गर्न राजी भएका थिए ।

महानगर र उपत्यका नगरविकास समितिले गत वैशाख पहिलो साता सूचना जारी गरी अतिक्रमित संरचना खाली गराउन निर्देशन दिएको थियो । उक्त सूचनाको म्याद सकिएपछि बिहीबारदेखि महानगरले संरचना हटाउन सुरु गरेको हो ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## शुक्रबार आगामी आवको बजेट आउँदै

**रासस**
काठमाडौं, १४ जेठ

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट शुक्रबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्दै हुनुहुन्छ ।

गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा झण्डै दुई तिहाइ जनमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले बजेट प्रस्तुत गर्दैछ ।

निर्वाचनका क्रममा सो पार्टीले प्रस्तुत गरेको वाचापत्र, सरकार गठन भएपछि सार्वजनिक भएको शासकीय सुधारका १०० बुँदे कार्ययोजना र सदनमा प्रस्तुत विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका आधारमा बजेट आउने बताइएको छ । सङ्घीय संसद्का दुवै सदनमा सांसदहरूले दिनुभएको सुझाव, राष्ट्रिय स्वतन्त्र पार्टीले गत फागुन २१ को निर्वाचनमा व्यक्त गरेको वाचापत्र, सरकारको सुशासनको मार्गचित्रलगायतका विषयलाई बजेटको केन्द्रमा राखिएको छ । यही जेठ १५ गते गणतन्त्र दिवसको दिन सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आवको बजेट प्रस्तुत गर्नुहुने कार्यक्रम छ ।

नयाँ संविधान जारी भएपछि हरेक वर्ष जेठ १५ गते नै बजेट प्रस्तुत हुँदै आएको छ । सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार अपराह्न ४:०० बजे सिंहदरबारस्थित बहुउद्देश्यीय हलमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्नुहुने कार्यक्रम तय भएको छ ।

यसपटकको बजेटलाई बढी व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउने उद्देश्य राखिएको छ । राष्ट्रिय योजना आयोगले आगामी आवका लागि रु १८ खर्ब ९० अर्ब बराबरको बजेट सिलिङ तय गरेको थियो । सरोकारवाला निकायको सुझावलाई बजेटमा यथेष्ट स्थान दिइएको बताइएको छ । चालु आवको बजेट रु १९ खर्ब ६४ अर्ब बराबरको थियो ।

गत भदौ २३ र २४ मा भएको आन्दोलनपछि गठन भएको सरकारका अर्थमन्त्री रामेश्वर खनालले मध्यावधि समीक्षामार्फत बजेटको आकार रु १६ खर्ब ८८ अर्ब बराबर बनाउनुभएको थियो ।

## संस्कार र संस्कृतिले राष्ट्रिय एकताको भावनालाई सुदृढ बनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले हाम्रा संस्कार र संस्कृतिले राष्ट्रिय एकताको भावालाई थप सुदृढ बनाउने बताउनुभएको छ ।

मुस्लिम समुदायको पर्व बकर इदका अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले पारस्परिक सम्मान, सामाजिक सद्भाव र राष्ट्रिय एकताको भावनालाई इदजस्ता पर्वले मजबुत बनाउने बताउनुभएको हो ।

यस पर्वका माध्यमबाट आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र सामाजिक एकतालाई अझ सुदृढ बनाउन प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दै उहाँले सन्देशमा भन्नुभएको छ, "विविधतामा एकता नेपालको मौलिक विशेषता हो । गण्डकी प्रदेश पनि बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक सहअस्तित्वको उत्कृष्ट उदाहरणका रूपमा रहेको छ ।

हाम्रो साझा सांस्कृतिक सम्पदा र मौलिक परम्पराको संरक्षण तथा प्रवर्द्धनले सामाजिक सद्भाव अभिवृद्धि गर्नुका साथै पर्यटन विकास र आर्थिक समृद्धिमा योगदान पुग्ने विश्वास छ ।"

## कांग्रेसले संसद्मा पार्टीको भूमिका थप प्रभावकारी बनाउने

**रासस**
काठमाडौं, १४ जेठ

नेपाली कांग्रेसले सङ्घीय संसद्मा पार्टीको भूमिका थप प्रभावकारी बनाउने भएको छ ।

पार्टीको बिहीबार बसेको संसदीय दलको बैठकमा संसद्मा पार्टीको भूमिका थप प्रभावकारी रूपमा अघि बढाउने र बजेटका सम्बन्धमा आवश्यक छलफल भएको थियो ।

बैठकको निर्णय बारे जानकारी दिँदै कांग्रेस प्रमुख सचेतक वासना थापाले शुक्रबार प्रस्तुत हुने आगामी आर्थिक वर्षको बजेट र संसदीय दलको कार्यसमितिका बारेमा छलफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "मुख्य गरी संसद्मा आगामी रणनीतिको सम्बन्धमा र भोलि प्रस्तुत हुने बजेटका सम्बन्धमा छलफल गर्‍यौँ, साथै हाम्रो संसदीय दलको कार्यसमितिमा केही पदहरू रिक्त थियो । त्यसलाई पूर्णता दिने विषयमा छलफल भयो ।"

बैठकमा संसद्का विषयगत समितिको सम्बन्धमा अध्ययन गर्नका लागि पार्टीका तर्फबाट संयोजक तोक्नेलगायत विषयमा छलफल भएको उहाँले बताउनुभयो । यसका साथै बैठकमा गणतन्त्र दिवसमा सरकार प्रमुखको सम्बोधन नहुने भन्ने सार्वजनिक भएको विषयका बारेमा छलफल भएको प्रमुख सचेतक थापाले जानकारी दिनुभयो ।

## लुम्लेमा शुक्रबारवाट राईला सुरु हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटान अन्तर्गत कास्कीमा यसपालि पनि रोटरी युथ लिडरसिप अवार्ड (राइला) शुक्रबारबाट हुदैछ ।

रोटरी क्लब्स् अफ रिजन-फोरको आयोजनामा जेठ १५ देखि १७ गतेसम्म कास्कीको लुम्लेमा राइला तयारी गरिएको हो । रोटरी क्लब अफ पोखरा मिडटाउनका पास्ट प्रेसिडेन्ट एवं डिस्ट्रिक्टको राइला चेयर सोनी ढेवाजुले तीन दिनसम्म चल्ने कार्यक्रममा १४ देखि १८ वर्ष उमेर समूहका करिब ५० जना किशोरकिशोरीहरुले भाग लिने जानकारी दिइन् । रोटरी डिष्ट्रिक्ट रिजन फोरअन्तर्गत विभिन्न १७ क्लबहरु छन् । यसबाहेक विभिन्न ठाउँका समेत गरी कार्यक्रमका लागि २० वटा होस्ट क्लबहरु छन् । राइला रोटरीको महत्वपूर्ण कार्यक्रममध्ये एक हो । सुन्दर, मनोरमस्थल लुम्लेमा प्रकृतिसँग रमाउँदै हुने सो कार्यक्रम विशेषगरी युवाको नेतृत्व कौशल विकासमा निकै सघाउ पुर्‍याउने रोटरीका डिष्ट्रिक्ट गभर्नर विनोद कोइरालाले बताए । सो अवसरमा योगा, ध्यान, हाइकिङ, ट्यालेन्ट हन्ट तथा सांगीतिक साँझ, सामूहिक प्रस्तुति, सूचना प्रविधि, नेतृत्व सिप विकास, समसामयिक विषयका विभिन्न सेसन एवं प्रशिक्षण हुनेछ । कार्यक्रमको को-चेयर विश्वदर्शन पराजुली हुन् । सेक्रेटरीमा रोटरी अन्नपूर्णका पास्ट प्रेसिडेन्ट बाबुराम बराल तथा पाइलट कोच रोटरी मिडटाउनका अध्यक्ष उपेन्द्र पौडेल तोकिएका छन् । सल्लाहकार राजेन्द्र लिगल छन् । कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री भीमबहादुर कार्कीले गर्नेछन् भने समापन समारोहको उद्घाटन डिष्ट्रिक्ट गभर्नर कोइरालाले गर्ने कार्यक्रम रहेको राइला चेयर ढेवाजुले बताइन् । डिष्ट्रिक्टले हरेक वर्ष आयोजना गर्दै आएको राइला कास्कीमा पछिल्लो समय लगातारजसो हुन थालेको छ । गत वर्ष लुम्लेमै भएको कार्यक्रम त्यसअघि ढिकुरपोखरीको लेवाडेमा भएको थियो । यसै वर्ष काठमाडौंमा पनि राइला हुने तयारी छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोउवा संघका तनहुँ उवा संघको प्रतिनिधिमण्डल

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले निजी क्षेत्रबीचको एकता र सहकार्यलेमात्र उद्योगी/व्यवसायीहरुको खस्केको मनोवल उकास्न सकिने बताएका छन् ।

देशव्यापी संयन्त्र भएको नेपाल उद्योग वाणिज्य महासंघले मोफसलका उद्योगी/व्यवसायीहरुले भोग्नु परेका समस्याप्रति बढी चासो दिनुपर्ने बताउँदै उनले केन्द्रीय सदस्यको रुपमा जिल्ला नगर उद्योग वाणिज्य संघको आवाज केन्द्रमा पुऱ्याउने प्रतिवद्धता पनि जनाए । अध्ययन अवलोकन भ्रमणमा आएको तनहुँ




उद्योग वाणिज्य संघको प्रतिनिधि मण्डललाई स्वागत गर्ने क्रममा बिहीबार केन्द्रीय सदस्य कार्कीले सो कुरा बताएका हुन् । सो अवसरमा महासंघकी अर्की केन्द्रीय सदस्य हीरा भट्टराईले महिला उद्यमशीलता विकासको लागि नीतिगत पहलको प्रतिवद्धता जनाइन् । यस्तै महासंघका केन्द्रीय सदस्य पविन्द्रकुमार श्रेष्ठले उद्योगी/व्यवसायीहरुलाई प्रोत्साहित गरेमात्र राजश्व वृद्धि र रोजगारी सिर्जना हुने सत्यलाई राज्यले मनन गर्नुपर्ने धारणा राखे ।

तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष इमकुमार मल्लले पोखरा र तनहुँ उद्योग वाणिज्य संघबीचको सम्बन्धबारे चर्चा गर्दै साझा एजेण्डामा आउँदा दिनमा पनि सहकार्य हुनुपर्ने बताए ।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यको धन्यवाद र महासचिव शोभा गौतमको स्वागत रहेको कार्यक्रममा तनहुँको तर्फबाट नवनिर्वाचित केन्द्रीय सदस्यहरुलाई सम्मान व्यक्त गरिएको थियो ।

बिहीबार नै पोखरा उद्योग वाणिज्य संघले सुनसरी उद्योग वाणिज्य संघ, धरानका निवर्तमान अध्यक्ष विजय श्रेष्ठ र पूर्वअध्यक्ष सरोज श्रेष्ठको नेतृत्वमा आएको प्रतिनिधिमण्डलसँग पनि अन्तर्क्रिया गरेको छ । संघका अध्यक्ष एवं केन्द्रीय सदस्य गोकर्ण कार्कीको अध्यक्षतामा भएको सो कार्यक्रममा सुनसरी उवा संघका प्रथम उपाध्यक्ष रामस्वरुप शर्मा,पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतम र कोषाध्यक्ष मनोजकुमार श्रेष्ठको उपस्थिति रहेको थियो ।

# मुग्लिन-पोखरा सडक विस्तार आगामी असारसम्म पूरा नहुने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा निर्माण सुस्त बनेको छ ।

पाँच वर्षअघि सुरुआत भएको सडक विस्तार तथा स्तरोन्नति पटक-पटक म्याद थप हुँदासमेत अझै पूरा हुन सकेको छैन । तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८ दशमलव ७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ ।

आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुऱ्याइएको थियो । तर पछिल्लो प्रगति हेर्दा निर्धारित अवधिभित्र निर्माण सम्पन्न नहुने अनिश्चित भएको हो । पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या, निर्माण सामग्रीको मूल्यवृद्धि तथा पछिल्ला दिनमा परेको लगातार वर्षाले निर्माण प्रभावित बनेको आयोजनाले जनाएको छ । मूल्यवृद्धिका कारण निर्माण कम्पनीले अत्यावश्यकबाहेकका अन्य काममा अपेक्षित गति दिन नसकेको जनाएको छ ।

मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ । उहाँले कूल सडकखण्डमध्ये पहिलो तहको कालोपत्रे ३८ किलोमिटर र दोस्रो तहको कालोपत्रे ३७ दशमलव २८ किलोमिटर सम्पन्न भएको जानकारी दिनुभयो ।

आयोजनाअन्तर्गत २० दशमलव ५५ किलोमिटर चार लेन सडक तथा १८ दशमलव १६ किलोमिटर चार लेनसहित सर्भिस लेन निर्माण गर्नुपर्नेछ । योजना प्रमुख कुँवरले इन्धन अभावले निर्माणमा प्रत्यक्ष असर परेको बताउनुभयो । उहाँले भन्नुभयो, “निर्माण कम्पनीलाई दैनिक चार हजार लिटर डिजेल आवश्यक पर्छ, तर अहिले एक हजार ५०० लिटर मात्र उपलब्ध भइरहेको छ । निर्माण सामग्रीको मूल्यसमेत अत्यधिक बढेकाले काम प्रभावित भएको छ । यसले निर्धारित समयमा आयोजना सम्पन्न गर्न कठिन भएको छ ।”

योजनाका सूचना अधिकारी अनन्त बरालका अनुसार कालोपत्रे सम्पन्न भएका क्षेत्रमा सर्भिस लेन निर्माण, सडक मार्किङ, थर्मोप्लास्टिक पेन्ट तथा ‘डब्लु बिम रोड सेफ्टी ब्यारियर’ जडानको काम भइरहेको छ । नेपालको प्रमुख विकास साझेदार एशियाली विकास बैंकको लगानीमा सञ्चालित उक्त आयोजनाअन्तर्गत पश्चिम खण्ड निर्माणका लागि चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनसँग रु सात अर्ब ४० करोडमा ठेक्का सम्झौता गरिएको थियो । उक्त खण्डको निर्माण सम्झौता विसं २०७८ जेठ २ गते भएको थियो भने २०७८ भदौ १२ गतेदेखि निर्माण थालनी गरिएको थियो ।

# धनबहादुर गुरुङ सांगीतिक साँझबाट ३५ लाखभन्दा बढी बचत

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

तमु (गुरुङ) कलाकार संघ गण्डकी प्रदेश समितिको आयोजनामा सम्पन्न ‘धनबहादुर गुरुङ सांगीतिक साँझ २०८२’ कार्यक्रमबाट ३५ लाखभन्दा बढी रकम बचत भएको छ

तमु कलाकारहरूको हकहित र कल्याणका लागि स्थापना गरिएको तमु कल्याणकारी कोषका लागि आयोजित सांगीतिक साँझबाट ३५ लाख २४ हजार ५ सय ८९ रुपैयाँ बचत भएको आयोजकले जनाएको छ । गत फागुन ८ गते पोखरा रंगशालामा आयोजित सांगीतिक साँझबाट कुल ५६ लाख २४ हजार ४ सय ५८ रुपैयाँ संकलन भएको र विभिन्न शीर्षकमा भएको खर्च कटाएर उक्त रकम बचत गर्न सफल भएको तमु (गुरुङ) कलाकार संघ गण्डकी




प्रदेश समितिकी कोषाध्यक्ष टौसुबा गुरुङ (सविना) ले जानकारी दिइन् । बचत रकम तमु कलाकार हरूको हकहित, सहयोग तथा कल्याणका लागि प्रयोग गरिने उनले बताइन् । कार्यक्रम संयोजक गोरे गुरुङले सुरुमा १० लाख ७५ हजार रुपैयाँ बचत गर्ने लक्ष्य राखिए पनि देश तथा विदेशमा रहेका गुरुङ गीत-संगीतप्रेमीहरूको साथ र सहयोगका कारण कार्यक्रम अपेक्षाभन्दा धैरै सफल भएको बताए । हाल ३५ लाखभन्दा बढी रकम तमु कल्याणकारी कोषमा जम्मा भइसकेको उल्लेख गर्दै उनले निकट भविष्यमा उक्त कोषलाई ५० लाख रुपैयाँ पुऱ्याउने लक्ष्य रहेको जानकारी दिए । देशमा उत्पन्न विषम परिस्थितिका बीच पनि सबैको साथ र सहयोगले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको बताउँदै उनले सांगीतिक साँझले गुरुङ गीत-संगीतको क्षेत्रमा नयाँ इतिहास रचेको दाबी गरे । हजारौं दर्शकको उपस्थितिले गुरुङ गीत-संगीतको व्यवसायिक सम्भावना र उज्ज्वल भविष्यलाई प्रमाणित गरेको उनको भनाइ थियो ।

गुरुङ गीत-संगीतका यूग नायक धनबहादुर गुरुङले सम्पूर्ण सहयोगी, कलाकार, शुभेच्छुक तथा दर्शकहरूको साथ र सहयोगकै कारण कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न भएको बताए । सो अवसरमा कार्यक्रम सफल बनाउन सहयोग गर्ने कलाकार, विभिन्न संघसंस्था, समाजसेवी, स्वास्थ्यकर्मी, टिकट बिक्री वितरणमा सहयोग गर्ने व्यक्ति तथा सम्पूर्ण सहयोगीदातालाई सम्मान तथा बधाई ज्ञापन गरिएको थियो । संघका अध्यक्ष विक्रम गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष माया गुरुङले स्वागत मन्तब्य राखेका थिएभने सञ्चालन महासचिव नेत्र गुरुङले गरेका थिए ।

# दक्षिण एसियामा वन: नेपाल दोस्रो स्थानमा

**रासस**
काठमाडौं, १४ जेठ

दक्षिण एसियाका आठ मुलुकमध्ये सबैभन्दा बढी वनक्षेत्र भुटानमा छभने दोस्रो स्थानमा नेपाल रहेको छ ।

बुधबार सार्वजनिक आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षणआनुसार भुटानमा ६९ दशमलव ७१ प्रतिशत, नेपालमा ४६ दशमलव शून्य आठ, श्रीलङ्का ३४ दशमलव एक, चीन २२ दशमलव ९६, भारत २१ दशमलव ७१, बङ्गलादेशमा १२ दशमलव आठ, पाकिस्तान चार दशमलव आठ, माल्दिभ्समा दुई दशमलव सात र अफगानिस्तानमा एक दशमलव नौ प्रतिशत वनक्षेत्र छ । विश्वको कूल भूभागको ३२ प्रतिशत भूभाग वनले ढाकेको छ । सन् २०२४ मा नेपालको वन क्षेत्र कूल भू-भागको ४६ दशमलव शून्य आठ प्रतिशत थियो । यसमध्ये कूल भू-भागको ४३ दशमलव ३८ प्रतिशत वन र दुई दशमलव सात प्रतिशत झाडी तथा बुट्यान क्षेत्र रहेको छ । सन् १९९० को दशकमा नेपालमा ३९ दशमलव छ प्रतिशत वन क्षेत्र रहेकोमा सन् २०१५ मा ४४ दशमलव ७४ प्रतिशत र सन् २०१९ मा ४५ दशमलव ३१ प्रतिशत पुगेको थियो । देशको कूल भू-भागमध्ये ३४ हजार ४२० वर्ग किमी संरक्षित क्षेत्रका रूपमा छ । यो कूल भू-भागको २३ दशमलव चार प्रतिशत हो । साथै ११ वन संरक्षण क्षेत्रअन्तर्गत हालसम्म एक लाख ९४ हजार १५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ ।

यसैगरी गत फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा ८९९ सामुदायिक वन समूह गठन भएका छन् भने यस्तो क्षेत्रले करिब दुई लाख २५ हजार आठ हेक्टर क्षेत्रफल ओगटेको छ ।

त्यसैगरी ४८ मध्यवर्ती कबुलियति वनमार्फत ५४८ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ । गत फागुनसम्म २३ हजार १६२ सामुदायिक वन उपभोक्ता समूहमार्फत २५ लाख नौ हजार ८२५ हेक्टर वन क्षेत्रको व्यवस्थापन भएको छ । साथै ३३ साझेदारी वन उपभोक्ता समूहमार्फत ४४ हजार ३८४ हेक्टर वन क्षेत्रमा सघन व्यवस्थापन भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

# नवलपुरका ७ विद्यालयद्वारा जनप्रिय माविको भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

विनयी त्रिवेणी गाउँपालिका नवलपरासीका विभिन्न ७ विद्यालयका प्रअ तथा शिक्षक सहितको ४२ जनाको टोलीले पोखरा ८ सिमलचौर स्थित जनप्रिय माविको स्थलगत भ्रमण गरेका छन् ।

बिहीबार विद्यालय परिसरमा प्रविधि मैत्री सिकाई परियोजना अन्तर्गत विभिन्न जिल्लाका सामुदायिक विद्यालयको अध्ययन अवलोकन गरेका हुन् । गाउँपालिकाका ७ वटा वडा भित्र पर्ने ७ वटा माविका प्रअ, शिक्षक तथा गाउँपालिकाका उपाध्यक्ष भगवती क्षेत्रीसहितको टोलीले जनप्रिय माविको ल्याव, कक्षा कोठा, सीप सिकाई विधि, रिजल्ट, शिक्षक व्यवस्थापन तथा अभिभावकसंगको व्यवहार लगायत विभिन्न विषयमा चासो राखेका थिए । कार्यक्रममा उपाध्यक्ष क्षेत्रीले सिक्ने र गर्नुपर्ने विषय धैरै भएकाले शिक्षा क्षेत्रमा सुधारको आवश्यकता औंल्याएकी थिइन् । अवलोकन भ्रमणको सफलताको शुभकामना व्यक्त गर्दै जनप्रिय मावि शिक्षक अभिभावक संघका अध्यक्ष केदार धमलाले अन्तरजिल्ला स्तरीय भ्रमणले शिक्षा क्षेत्रमा सुधार गर्नु पर्ने विषयको पहिचान हुने भन्दै व्यवहारिक शिक्षामा जोड दिएका थिए ।

अध्यक्ष धमलाले गण्डकी प्रदेशलाई शिक्षाको केन्द्र बनाउन सवै शिक्षक, विद्यार्थी र अभिभावकको उत्तिकै गहन भूमिका हुने बताएका थिए । प्रतिनिधि शिक्षकहरुले राखेको जिज्ञासामा जनप्रिय विद्यालयका प्रअ देवीप्रसाद बस्ताकोटीले असल अभ्यास सिकाईको लागि स्मार्ट वोर्ड तथा युग सुहाउँदो परिवेशलाई अंगाल्नु पर्नेमा जोड दिएका थिए । अनुशासन, दण्ड र पुरस्कार, साधन र स्रोतको व्यवस्थापन, अतिरिक्त कक्षा, शिक्षक अनुपस्थित हुँदाको व्यवस्थापन, अभिभावकसँगको समय व्यवस्थापन लगायत विषयमा धारणा राखेका थिए ।

जनप्रिय माविमा नवलपरासीका भानुदय मावि, मणिसंगम मावि, शिवपुरगढी मावि, सूर्यज्योति मावि, दीपेन्द्र मावि, नारायणी गण्डकी मावि लगायतको प्रअ तथा विभिन्न विषयगत शिक्षकहरुको उपस्थिति रहेको थियो । विनयी त्रिवेणी गापाका शिक्षा शाखा प्रमुख भुपराज पाण्डेयले सहभागिबीच सहजीकरण गर्दै परिचय गराएका थिए ।

# स्पाइरल ग्लेक्सी स्कुल वडाध्यक्ष कपको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

गत वर्षको विजेता हिमालयन बोर्डिङ स्कुललाई टाइब्रेकरमा ५-४ गोलअन्तरले पराजित गर्दै स्पाइरल ग्लेक्सी स्कुल पाँचौं संस्करणको अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल प्रतियोगिता २०८२ को सेमिफाइनलमा प्रवेश गरेको छ ।

निर्धारित समयमा दुवै टोलीबाट १-१ गोल भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । स्पाइरल ग्लेक्सीका प्रमिस रत्न ‘म्यान अफ द म्याच’ घोषित भए । गतबर्ष हिमालयन बोर्डिङ स्कुलले चौथो संस्करणको अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल प्रतियोगिता २०८१ को उपाधि जितेको थियो । हिमालयनले फाइनलमा एल.पी. देवकोटा मेमोरियल स्कुललाई २-० गोलअन्तरले पराजित गर्दै उपाधि जितेको थियो । विहिबार ३ वटा पि–क्वाटर फाइनलका खेलहरु सम्पन्न भएको खेल संयोजक बिकास रानाभाटले बताए । शिशु निकेतन इङसिल सेकेण्डरी स्कुलले शिशु कल्याण स्कुललाई २-१ गोलअन्तरले पराजित गऱ्यो । शिशु निकेतनका सञ्जित जङ थापा ‘म्यान अफ द म्याच’ घोषित भए । त्यसैगरी वेस्टपोइन्ट बोर्डिङ स्कुललाई १-० गोलअन्तरले हराउँदै शान्ति निकुञ्ज बोर्डिङ स्कुलले अन्तिम आठमा स्थान बनायो । खेलमा उत्कृष्ट प्रदर्शन गरेका उज्ज्वल रोकाले ‘म्यान अफ द म्याच’ उपाधि हात पारे । त्यसै गरी अर्को पि–क्वाटरफाइनल खेलमा बालोदय बोर्डिङले छोरेपाटन माविलाई २-१ गोलअन्तरले पराजित गऱ्यो । बालोदयका निसान भुजेल ‘ म्यान अफ द म्याच’ घोषित भए ।

प्रतियोगिताअन्तर्गत शनिबार तीन वटा क्वाटरफाइनल खेल सञ्चालन हुने म्याच कमिस्नर गोपाल थापाले जानकारी दिए । खेलकुदको शहरका रूपमा परिचित पोखरामा विद्यालयस्तरीय फुटबल खेलको विकास तथा ग्रासरुट तहबाट खेलाडी उत्पादन गर्ने उद्देश्यसहित उक्त प्रतियोगितालाई निरन्तरता दिइएको क्लवका अध्यक्ष रमेशप्रसाद बरालले बताए । पोखराको ड्यामसाइड क्लबको आयोजनामा तथा पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा प्रतियोगिता जारी रहेको छ । प्रतियोगिता यही जेठ १७ गतेसम्म संचालन हुने भएको हो ।


## सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

◆सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
◆सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
◆अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
◆सूचनाको हक सुनिश्चित गरौं,
◆भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौ,
◆गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
◆प्रविधिमैत्री सेवा विस्तार गरौं,
◆जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

**सम्पादकीय**

# गणतन्त्र दिवसको शुभकामना

नेपालमा गणतन्त्र घोषण भएको १८ वर्ष पुरा भएको छ । गणतन्त्र घोषणको १९ औं वर्ष प्रवेशमा गरेको छ । २४० वर्ष पुरानो शाह वंशीय राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा भएको १८ वर्ष पुरा भएको छ । २०६५ साल जेठ १५ गते संविधान सभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको घोषणा गरेको थियो । २०६२/०६३ को जनआन्दोलनको बलले नै गणतन्त्रको घोषणा गर्ने चरणमा पुर्‍याएको हो । नेकपा माओवादीले गरेको दस वर्षे सशस्त्र संघर्षले गणतन्त्र घोषणामा महत्वपूर्ण भुमिका खेलेको हो । त्यस अघि नेपालमा भएका आन्दोलन र संघर्षका कारण राजतन्त्र कमजोर बनाउने काम गरेको हो । दरबार हत्याकाण्डले पनि राजतन्त्र कमजोर हुँदै गएको थियो । विदेशीले पनि नेपालमा गणतन्त्रको लागि सहयोग गरेकै हुन । कम्युनिष्ट पार्टीको स्थापना नै गणतन्त्र स्थानपनाका लागी भएको थियो । कम्युनिष्ट पार्टीहरुले नेपाली कांग्रेसलाई गणतन्त्रको पक्षमा ल्याउन सकेकै कारण नेपालमा गणतन्त्र घोषण संभव भएको हो ।

गणतन्त्र घोषण पछि मुलुकमा ऐतिहासिक महत्वका उपलब्धि हासील भएका छन । संविधान सभावाट जनता सर्वभौम भएको संविधान निमार्ण भएको छ । संविधानले गणतन्त्र, धर्म निरपेक्षता, संघीयता, समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ । संघीय संसद, प्रदेश सभा र स्थानीय तहमा महिलाको प्रतिनिधित्व एक तिहाई भन्दा बढी पुगेको छ । संविधानले शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सामाजिक सुरक्षा, रोजगारीको ग्यारेन्टी गरेको छ । गणतन्त्र पछि मुलुकले धेरै क्षेत्रमा प्रगति गरेको छ । नागरिक जागरुक र अधिकारप्रति सचेत भएका छन । आफ्ना कुरा राख्न सक्ने भएका छन । राजनीतिक खिचातानी र प्रतिशोधको कारण उपलब्धिलाई जनताको बीचमा भन्न सकेका छैनन् । दलहरूबीचको अविश्वास र दलभित्रको गुटबन्दीले गर्दा गणतन्त्रले के दियो भन्नेहरु सलबलाउन थालेका छन ।

सिंहदरबारको अधिकार गाउँमा पुगेको छ । तर त्यसको प्रचार हुन नसक्दा गलत प्रचारले ठाउँ लिएको छ । राजनीतिक दल र नेताको मुठ्ठीमा सबै कुरा राख्न खोज्दा जनतामा गणतन्त्र आएको अनुभूति गर्ने खालका काम हुन नसकेको गुनासो छ । ति गुनासोलाई मनन गरेर कार्यक्रम ल्याउने चुनौती दलहरूलाई छ । संविधान जारी भए पछि पनि त्यस प्रति असन्तुष्टि जनाउने राजनीतिक समूह अहिले संघीय सरकारमा छन् । गणतन्त्रलाई जीवन पद्धति बनाउन नसकेको हुँदा जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । राज्य सत्ताको उच्च तहमा बसेकाले सत्ता र शक्तिको दुरुपयोग गरेर भ्रष्टाचारमा लिप्त भएका छन । भ्रष्टाचारीलाई सत्ताको आडमा उन्मुक्ति दिने, संरक्षण गर्ने गरेका छन । सत्ता स्वार्थका कारण अन्य मुद्दा ओझेलमा परेका छन । राजनीतिक संस्कार सिकाउने भन्दा गाली गलौज गर्ने, आरोप लगाउने, आक्रोश पोख्ने, कुण्ठा पोख्ने थलो सदन भएको छ । स्थानीय तहका जनप्रतिनिधिको चारवर्षे कार्यकाल पूरा भएको छ । मधेस केन्द्रीत दलको सरकार हटेको छ । राजावादीलाई पछि पारेर पपुलिष्टले दुई तिहाइ बहुमत सिट जितेर राज्य संचालन गरेका छन ।

भाषणमा र दस्तावेजमा समाजमा सवै खाले विभेद र शोषणको अन्त्य गरि आर्थिक समानता, सामाजिक न्याय, समृद्धि सहित मुलुकमा समाजवादको आधार निमार्ण गर्ने संवैधानिक व्यवस्था छ । गणतन्त्र पछि पनि हुनेखानेले मात्र राज्यबाट सुविधा पाउने गरेका छन । शक्ति र सत्तासंग नजिककाले मात्र फाइदा लिन सकेका छन।पसिना चुहाउने किसान मजदुरको हितमा काम हुन नसक्दा जनतामा जुन व्यवस्था आएपनि त्यस्तै भन्ने भान परेको छ । विदेशीले चलखेल गर्ने मौका पाएका छन । जनतामा छाएको निराशालाई पक्डेर जनताले ल्याएको परिवर्तन उल्टाउन सक्छन् । गणतन्त्रका घोषणका लागि संगै लडेका राजनीतिक दलहरु नदीका दुई किनारा जस्तै देखिनु राम्रो होईन । काङ्ग्रेस र कम्युनिस्ट मात्र होइन नयाँ उदाएका दलसंग पनि त्यही व्यबहार देखाउनु असहिष्णु व्यबहार हो ।

गणतन्त्र भनेको सरकारमा पुगेर जनताको हितमा काम गर्नु हो । जनताको हितमा काम गर्नको निम्ति व्यक्तिगत लोभ, पारिवारीक मोह, दलको स्वार्थ त्याग्न सक्नु पर्छ । जनताले बलिदानी दिएर ल्याएको गणतन्त्र हुनेखानेका लागीमात्र हुनजान्छ । राजनीतिक संक्रमणकाल अन्त्य गरि संविधानले सुरक्षित गरेका सबै अधिकार कार्यान्वयनमा आउन सकेमात्र गणतन्त्र स्थापना भएको अनुभूति जनताले गर्न पाउनेछन् । मुखले गणतन्त्रको चर्को कुरा गर्ने व्यवहारमा सामान्ती शैली देखाएमा गणतन्त्र बलियो हुन सक्दैन । गणतन्त्रवादीहरु मिलेर गणतन्त्रको बारेमा जनतालाई सचेत पार्ने र गणतन्त्रको लागि बलिदानी दिने, आन्दोलनमा लागेर अंगभंग भएका योद्धा र उनीहरुका आश्रित परिवारलाई सम्झने गरेमा गणतन्त्र दिवस मनाएको सार्थकता रहनेछ । गणतन्त्रको लागि लडेका र परिवर्तनको बाहकहरु मिलेर जनताको अवस्था बदल्न र गणतन्त्रलाई जीवन पद्धति बनाउने सद्बुद्धी प्राप्त होस गणतन्त्र दिवसको शुभकामना !


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एक करोडमा अतिथि गृह निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, १४ जेठ

समुद्री सतहदेखि तीन हजार ३०० मिटरको उचाइमा रहेको जिल्लाको प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल कालाञ्जर पहाडमा अतिथि गृह निर्माण गरिएको छ ।

जिल्लाको सबैभन्दा उचाइमा रहेको स्थानमा अवस्थित कालाञ्जर पहाडमा अध्ययन, अवलोकन र घुम्नका लागि आउने पर्यटकहरूलाई लक्षित गरी रु एक करोडभन्दा बढीको लागतमा अतिथि गृह निर्माण गरिएको हो । एकै स्थानबाट झण्डै एक दर्जन जिल्ला सदरमुकामको दृश्यावलोकन गर्न सकिने छ । साथै पवित्र कालञ्जर भूमिलाई हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल र धार्मिक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले जलजला गाउँपालिकाले आफ्नै बजेटबाट आठकोठे पक्की भवन निर्माण गरेको छ । आठवटै कोठमा ' शौचालय'सहित सुविधासम्पन्न बनाइएको छ ।

पछिल्लो समय यहाँ धार्मिक तथा अध्ययन, अवलोकन र बिदाको समयमा घुम्न आउने पर्यटकको सङ्ख्या उल्लेख्य मात्रामा वृद्धि भएको छ । धार्मिक हिसाबले समेत उत्तिकै महत्वपूर्ण मानिने जलजलामा मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्यको आश्रम रहेकाले उहाँका अनुयायीहरू समेत यहाँ पुग्ने गरेका छन् । गाउँदेखि झण्डै छ घण्टाको पैदलयात्रा र तीन घण्टाको सवारीसाधनमार्फत पुग्न सकिने कालाञ्जरमा अन्य कुनै होटल सुविधा तथा बस्ती नभएकाले अतिथि गृह निर्माण गरिएको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार योग, ध्यान र साधनाका लागि आउनेहरूलाई मात्र नभएर सबै खालका पर्यटकलाई आश्रय सुविधा दिइने भएको छ । अहिले निःशुल्क रुपमा दिइएको आवास सुविधालाई निश्चित शुल्क तोकेरे दिने व्यवस्था गर्न लागिएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो । कालाञ्जरलाई धार्मिक मात्र नभई विज्ञान, प्रविधि तथा पर्यटन प्रवर्द्धनलाई एकसाथ जोड्ने उद्देश्यसहित जलजला गाउँपाालिकाले खगोल अध्ययन केन्द्र स्थापना गर्न समेत थालेको छ । जलजला ५ र ६ मोदी गाउँपालिकाको सङ्गमस्थलमा रहेको कालञ्जर हम्पाल क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन सङ्घीय, प्रदेश र गाउँपालिकाले संयुक्त रुपमा पूर्वाधार निर्माण थालेका हुन् । यसअघि 'दृश्यावलोकस्थल', खानेपानीको व्यवस्था, शौचालय निर्माण र सडक स्तरोन्नति तथा विद्युतीकरणलगायतका सुविधा विस्तार गरिसकिएको जनाइएको छ । कालाञ्जर, हम्पाल र जलजला क्षेत्रमा १२ सय वर्गमिटरको कृत्रिम ताल निर्माण प्रक्रिया अघि बढाइएको छ । हम्पाल र जलजलालाई पर्यटकीयस्थलका रुपमा विकास गर्न करिब रु एक अर्बको लागत अनुमान गरिएको योजना तयार पारी पूर्वाधार निर्माण थालिएको अध्यक्ष आचार्यले बताउनुभयो । यहाँबाट हिमशृङ्खला, सूर्योदय, सूर्यास्त र मनोरम पहाडी भूगोलको अवलोकन गर्न सकिन्छ । धौलागिरि, अन्नपूर्ण, नीलगिरि, गुर्जा, पुथा, माछापुच्छ्रे मनास्लुलगायत १६ भन्दा बढी हिमालका साथै पर्वत, बागलुङ, म्याग्दी, कास्की, स्याङ्जा, गुल्मी, पाल्पा, गोरखा, तनहुँ, लमजुङसम्मको भूगोल अवलोकन गर्न सकिने सुन्दर पर्यटकीयस्थल रहेकाले यहाँ दैनिकजसो आउने पर्यटकको सङ्ख्या बढ्दै गएको जलजलामा होटल सञ्चालन गर्दै आउनुभएका टीका पुनले बताउनुभयो । यो क्षेत्र प्राचीन धर्मग्रन्थहरूमा 'मृग सरोवर' र सीमसार क्षेत्रका रुपमा उल्लेख छ । हनुमानले यही क्षेत्रबाट जडीबुटी लगेर औषधोपचारमा प्रयोग गरेको मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्यको भनाइ छ । स्वामी कमलनयनाचार्यले केही समय कालञ्जर भूमिमै तपस्या गर्नुभएको थियो । कालाञ्जर र हम्पाल क्षेत्रमा नीरमसी, पाँचऔंलो सतुवालगायत बहुमूल्य जडीबुटी प्रशस्त पाइने जलजला क्षेत्रको जङ्गलमा कालो वर्णको मृग, घोरल, चितुवा, भालु, डाँफे, मुनाल, कालिजलगायत पशुपन्छीको बसोबास रहेको भनाई छ । कालाञ्जर, हम्पाल र जलजला क्षेत्रको एकीकृत विकासका लागि मोदी गाउँपालिका र जलजला गाउँपालिकाले प्रदेश तथा सङ्घीय सरकारसँगको सहकार्यमा करोडौं लगानी गरिसकेको मोदी गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले जानकारी दिनुभयो ।

# पोखरी भञ्ज्याङका महिला आयआर्जनमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ जेठ

व्यास नगरपालिका वडा न.-१३ का महिला आर्थिक क्षेत्रमा सबल बन्दै गएका छन् ।

पोखरीभञ्ज्याङ महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाबाट प्राप्त सुलभ कर्जाबाट विभिन्न व्यबसाय तथा कृषि पेशा गरेका हुनाले सबल भएका हुन् ।

विसं २०५८ मा २५ जनाबाट सञ्चालित सहकारीमा हाल ९३९ शेयर सदस्य आबद्ध छन् । वैदेशिक रोजगारी, तरकारी खेती, बगुँर र गाईपालन, व्यापार, ग्रील उद्योगलगायत ३६१ जनालाई लगानी गरिएको संस्थाकी कर्मचारी इन्दिरा रिमालले जानकारी दिनुभयो ।

विना धितो, समूह र घर जमानीमा रु १० हजारदेखि तीन लाखसम्म लगानी गर्ने गरिएको सो संस्थाले जनाएको छ ।

# पौडी खेल्ने क्रममा डुबेर बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
कास्की, १४ जेठ

पोखराको फुस्रे खोलामा आज पौडी खेल्ने क्रममा डुबेर एक बालकको मृत्यु भएको छ ।

पोखरा महानगरपालिका-१७ छोरेपाटनस्थित सो खोलामा पौडी खेल्ने क्रममा ड्यामसाइड बस्ने १४ वर्षीय स्वहेन नेपाली बेपत्ता भएको सशस्त्र प्रहरी बल कालिका गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले जानकारी दिनुभयो । बालक बेपत्ता भएको सूचना प्राप्त भएपछि सशस्त्र प्रहरी निरीक्षक विनोद पौडेलको कमाण्डमा गोताखोरसहितको १४ जनाको प्रहरी टोली उद्धारमा खटिएको थियो ।

सो टोलीले खोजी गर्ने क्रममा बालकलाई अचेत अवस्थामा उद्धार गरेको थियो । उद्धारपछि तत्काल उपचारका लागि पश्चिम क्षेत्रीय अस्पताल पुर्‍याएको र सोही क्रममा चिकित्सकले बालकलाई मृत घोषणा गरेको प्रहरी उपरीक्षक सिंहले जानकारी दिनुभयो ।

# स्वास्थ्य शिविरबाट छ सय जना लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ जेठ



जिल्लाको मालिका गाउँपालिका-६ दरवाङमा बुधबार सम्पन्न स्त्रीरोगसम्बन्धी निःशुल्क स्वास्थ्य शिविरबाट छ सय जनाभन्दा बढी लाभान्वित भएका छन् ।

'मातृत्व जोगाउने अभियानअर्न्तगत' विराट क्यान्सर अस्पताल र विराट मेडिकल कलेजको सहयोगमा दुई दिनसम्म सञ्चालन भएको शिविरमा ६१४ जनाले सेवा लिएका आयोजक 'कल्प इमपावर उमेन नेपाल'ले जनाएको छ । पाठेघरको मुखको क्यान्सरका सम्भावित बिरामी पहिचान, स्त्रीरोगसम्बन्धी समस्या न्यूनीकरणका लागि जनचेतना वृद्धि र उपचारमा पहुँच बढाउने उद्देश्यले शिविर सञ्चालन गरिएको कल्पका अध्यक्ष पूजा कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार शिविरमा पहिचान भएका पाठेघरको मुखको क्यान्सरको लक्षण देखिएका १५ जनालाई थप उपचारका लागि धवलागिरि प्रादेशिक अस्पतालमा रेफर गरिएको छ । क्यान्सररोग विशेषज्ञ डा विनोद अर्याल र स्त्रीरोग विशेषज्ञ बविता शाहको टोलीले स्वास्थ्य परीक्षण, परामर्श र निःशुल्क औषधि वितरणसम्बन्धी सेवा दिनुभएको थियो । दरवाङआधारभूत अस्पताल परिसरमा सञ्चालन भएको शिविरमा मालिकाको साथै मङ्गला र धवलागिरि गाउँपालिकाका महिलाले पनि सुविधा पाएका छन् । शिविरको संयोजन गर्नुभएकी मालिका गाउँपालिका-४ की शिला पुनले चेतना र शिक्षाको कमीका कारण रोग लुकाएर बसेका बिरामीको पहिचान गरी उपचारको दायरामा ल्याउने उद्देश्यले शिविर आयोजना गरेको बताउनुभयो । बालविवाह र शारीरिक तथा मानसिक रुपमा परिपक्व नभएका किशोरी गर्भवती र सुत्केरी हुँदा स्त्रीरोगसम्बन्धी समस्या धेरै रहेको तर उनीहरू रोग लुकाएर बस्ने गरेका पुनले बताउनुभयो । स्वास्थ्य शिविरअघि जेठ १० गते मालिका गाउँपालिकाको सात वडाका २७ किशोरी र युवतीलाई पाठेघरको मुखको क्यान्सरको कारण, समाधानका उपाय र उपचार विधिका विषयमा प्रशिक्षण दिइएको थियो । प्रशिक्षणमा सहभागी किशोरीले जेठ ११ गते बस्तीहरूमा पुगेर सचेतनामूलक कार्यक्रम गरेका थिए । तीस वर्षभन्दा कम उमेर समूहका नेपालका युवा महिलाले स्थापना गरेको कल्प संस्थाले सञ्चालन गरेको मातृत्व जोगाउने अभियानमार्फत हालसम्म २० हजार जनाभन्दा बढीले सेवा पाएका संस्थाले जनाएको छ । शिविर सञ्चालनका लागि मालिका गाउँपालिका र 'जेके' फाउन्डेसनले पनि सहयोग गरेका संस्थाका कार्यक्रम विकास प्रमुख सम्राट थापाले बताउनुभयो ।

# ढोरपाटन-निसेलढोर सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ जेठ

बागलुङ निसीखोला गाउँपालिका-५ निसेलढोर जोड्ने सडक कालोपत्र गरिएको छ । चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकार र निसीखोला गाउँपालिकाले विनियोजन गरेको रु ७२ लाख लगातमा ६ किलोमिटर सडक स्तरोन्नति गरिएको हो ।

नेपालको एकमात्र ढोरपाटन सिकार आरक्ष कार्यालयदेखि पश्चिममा रहेको निसेलढोर पर्यटकीय गन्तव्यका रुपमा प्रसिद्ध छ । गण्डकी प्रदेश सरकारको रु ६० लाख र गाउँपालिकाको रु १२ लाखमा सडक स्तरोन्नति गरिएको निसीखोला गाउँपालिकाका सूचना अधिकारी डिलाराम बाँडा मगरले जानकारी दिनुभयो । बागलुङ जिल्लाकै सबैभन्दा विकट मानिने निसेलढोर छ वर्ष अगाडिमात्रै मोटरबाटोले जोडिएको थियो । यस वर्ष सडक फराकिलो, नाली निर्माण र केही ठाउँमा ग्राभेलिङको काम गरिएको उहाँले बताउनुभयो ।

आर्थिक वर्ष २०७६/७७ मा ढोरपाटनदेखि निसेलढोर जोडिएको थियो । ढोरपाटन नगरपालिका-९ को नवी, भुजी हुँदै मसखोलासम्म सडक राम्रो भए पनि त्यसभन्दामाथि सडक भासिने, हिलो हुने हुँदा गाडी नै गुड्न नसक्ने अवस्था थिएन । एमएस टीएएस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सले गत कात्तिक १२ गते जिम्मा पाएकामा वैशाख अन्तिम साता काम सकेको बाँठा मगरले बताउनुभयो । उहाँले भन्नुभयो, "सडक स्तरोन्नतिको काम जेठ अन्तिम साता सक्नुपर्ने म्याद थियो, तर निर्माण कम्पनीले वैशाखमै काम सक्यो, यहाँको सडक धेरै साँघुरो र अप्ठ्यारो हुँदा यात्रा गर्न कठिन थियो, अहिले सहज भएको छ, अब यो सडकमा बाह्रै महिना गाडी सञ्चालन हुन समस्या छैन ।" सडक साँघुरो र अप्ठ्यारो हुँदा निसेलढोरमा बर्खाको करिब पाँच महिना सडक ठप्प हुँदै आएको थियो । सडक स्तरोन्नति भएपछि स्थानीय खुसी भएका छन् । स्थानीय सम्झाना रसाइलीले बर्खामा यातायता सञ्चालन नहुने हुँदा जेठमै पाँच महिनाका लागि खाद्यान्न ढुवानी गर्दै आएको भन्दै अब त्यो समस्या हट्ने आशा पलाएको बताउनुभयो ।

अहिले गाउँसम्मकै सडक फराकिलो र व्यवस्थित बनेको उहाँको भनाइ छ । "गाउँमा आउने सडक निकै अप्ठ्यारो हुँदा यहाँका जनताले धेरै दुःख पाएका थियौं, अब त बर्खामा पनि गाडी चल्ने भयो", उहाँले भन्नुभयो, "सडक खुलेदेखि अहिलेसम्म बर्खायाममा गाडी चल्न सकेको थिएन, यसपालि त सरकारले बाटो राम्रो बनाउनुभयो, गाडी आउला भन्ने लागेको छ ।" एक दशक अगाडिसम्म यहाँ बर्खाको समयमा मात्रै निसीबाट वस्तुभाउ लिएर बस्ने स्थानीय अहिले बाह्रै महिना निसेलढोरमा बस्न थालेका छन् । अहिले बर्खामा ३०० र हिउँदमा झन्डै १५० घरपरिवार निसेलढोरमा बसोबास गर्छन् । निसेलढोरमा आलु, स्याउ र सिमीलगायत कृषिजन्य उत्पादन राम्रो हुने तर सडकको दुरावस्थाका कारण बजारीकरणका लागि समस्या थियो । अब सहज हुने स्थानीय कुमबहादुर घर्तीले बताउनुभयो । सडकको दुरावस्थाका कारण अहिलेसम्म स्थानीय उत्पादन बजारीकरण गर्न सकिएको छैन ।

# अल इन्डिया गोल्डकप खेल्ने नेपाली क्रिकेट टोलीको बिदाइ

**रासस**
काठमाडौं, १४ जेठ

कञ्चनपुरको भीमदत्त नगरपालिका र कञ्चनपुर जिल्ला क्रिकेट सङ्घले अल इन्डिया गोल्डकप क्रिकेट प्रतियोगिता खेल्ने नेपालको ए राष्ट्रिय टोलीको बिदाइ गरेको छ ।

आज भीमदत्त नगरपालिकाका नगर उपप्रमुख निलम जोशी र जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले भारतको उत्तराखण्डमा सञ्चालन हुने ४२ औं अल इन्डिया गोल्डकप क्रिकेट प्रतियोगिता खेल्ने नेपालको ए राष्ट्रिय टोलीको बिदाइ गरेका हुन् । नेपाली टोलीमा कप्तान अनिलकुमार साहको नेतृत्वमा टोली गड्डाचौकी नाका भएर भारत प्रस्थान गरेको छ । टोलीमा मयन यादव, तृत राज दास, देव खनाल, रसिद खान, बसिर अहमद, नारायण जोशी, आकाश चन्द, हेमन्त धामी, पवन सराफ, दीपक डुम्रे, युवराज खत्री, विपिन खत्री, ललित राजवंशी र अर्जुन कुमाल छन् ।

नेपालले आगामी मे ३० मा केरलासँग पहिलो खेल खेल्नेछ । त्यसपछि नेपालले मे ३१ मा गोवा र जुन २ मा ओडिसासँग खेल्नेछ । प्रतियोगिताको क्वार्टरफाइनल जुन ४ मा, सेमिफाइनल जुन ६ मा र फाइनल जुन ७ मा हुनेछ ।

नेपाल 'ए' का प्रशिक्षक राजु बस्न्यातले नेपाली टोली उत्तराखण्डमा गएर भारतका विभिन्न राज्यका टिमसँग खेल खेल्ने बताउनुभयो ।

"यो भारतको प्रतिष्ठित प्रतियोगिता हो । यसले हाम्रा खेलाडीमा सकारात्मक उर्जा विकास गर्ने विश्वास छ", उहाँले भन्नुभयो, "नेपाली खेलाडीले यहाँ खेल्न पाउँदा मनोबल बढ्ने र अनुभवका हिसाबले फलदायी हुनेछ ।"

# पोखरामा अतिक्रमित संरचना धमाधम खाली गरिँदै

**राम थापा र ऋषिराम बराल**
पोखरा, १४ जेठ/रासस



अरू दिनभन्दा बुधबार पोखराको हडकङ बजारको दृश्य भिन्न थियो । किनमेलले भीडभाड हुने पसलका सटर सुनसान देखिन्थे । व्यवसायीहरू सामान पोकापुन्तुरा पारिरहेका थिए। कोही गाडीमा सामान चढाउँदै थिए । हतारहतार सटर खाली गर्दा भुइँ र सडकछेउ पसलको फोहर असरल्ल देखिन्थ्यो ।

पोखरा महानगरपालिकाले पृथ्वीचोकको मूल सडक भएर हडकङ बजार हुँदै नयाँबजार निस्कने सडकछेउका अतिक्रमित संरचना हटाउने भएपछि ती ठाउँमा व्यवसायीले धमाधम सटर खाली गरेका हुन् । पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको उक्त जग्गा अतिक्रमण गरी बनाइएका भवनमा बिहीबार डोजर लगाउने महानगरको तयारी छ । त्यहाँ रहेका नेपाल ट्रेड युनियन कांग्रेस, जिफन्ट गण्डकी, सामुदायिक प्रहरी, सहारा क्लब, हिमाली सांस्कृतिक परिवारको भवन, सार्वजनिक शौचालयलगायतका संरचना हटाइने महानगरपालिकाले जनाएको छ । महानगरले डोजर लगाएर हटाउने भएपछि ती संस्थाले केही दिनअघि नै भवन खाली गरेका थिए । महानगर प्रमुख धनराज आचार्यले जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाएर त्यस क्षेत्रमा दुई लेनको सडक बनाइने बताउनुभयो । राजनीतिक संरक्षणका आडमा ती भवनलाई भाडामा लगाएर सीमित संस्थाले गैरकानुनी रूपमा आर्थिक आर्जन गर्दै आएका थिए । महानगरपालिकाले आयोजनागरेकोसर्वदलीय/सर्वपक्षीय छलफलपछि राजनीतिक दलका भ्रातृ संस्थालगायतले भवन खाली गर्न राजी भएका थिए ।

महानगर र उपत्यका नगर विकास समितिले गत वैशाख पहिलो साता सूचना जारी गरी अतिक्रमित संरचना खाली गराउन निर्देशन दिएको थियो । उक्त सूचनाको म्याद सकिएपछि बिहीबार संरचना हटाउन लागिएको हो । त्यस क्षेत्रमा फेन्सी व्यवसाय गर्दै आउनुभएका रामचन्द्र पोखरेलले महानगरको अभियानमा सघाउन व्यवसायीहरूले आफैँ सटर खाली गरेको बताउनुभयो ।

"हामीले भाडा तिरर बसेका हौँ, महानगरले भवन नै हटाउने भएपछि हामीले अर्को विकल्प खोज्नुपर्ने भयो", उहाँले भन्नुभयो । वर्षौंदेखि व्यवसाय गर्दै आएको ठाउँ छाड्नुपर्दा व्यवसायीहरूलाई मर्का भने परेको पोखरेलले बताउनुभयो । यसकै कारण कतिपय व्यवसायबाटै पलायन हुनुपर्ने अवस्था आएको उहाँकोभनाइछ।महानगरपालिकाले पोखरा बसपार्क क्षेत्रभित्र रहेका पसल कवललगायत सबै संरचना पनि हटाउने तयारी गरेको छ। यही जेठ १० गते पोखरा उपत्यका नगर विकास समितिले सूचना जारी गरी १५ दिनभित्र त्यस्ता संरचना खाली गर्न निर्देशन दिएको हो । समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कवललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रक्रियामा सघाउन सूचित गरेको हो। तोकिएको अवधिभित्र संरचना नहटाएमा समिति आफैँले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुलउपर गरिने जनाइएको छ । समितिले बसपार्क क्षेत्रभित्र लालपुर्जा भएका जग्गाधनीहरूलाई सात दिनभित्र नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, चालु आवको सम्पत्ति/भूमिकर तिरेको रसिद र जग्गासम्बन्धी प्रमाण पुगे अन्य कागजात समितिको कार्यालयमा बुझाउन निर्देशनसमेत दिएको छ । पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित बसपार्कको जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउन यसअघि गत वैशाख ४ गते पोखरा महानगरपालिकाले पनि सार्वजनिक रुपमा सूचित गरेको थियो । ३५ दिने उक्त सूचनाको अवधि पोखरा उपत्यका नगर विकास समितिले अर्को सूचना जारी गरेको हो ।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गामा सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरू रहेका छन् । आधुनिक सुविधासम्पन्न बसपार्क बनाउन २०३२ सालमा २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा पर्दै गएर अहिले करिब ६० रोपनी क्षेत्रफलमात्र बाँकी छ । प्रस्तावित आधुनिक पोखरा बसपार्कको अतिक्रमित जग्गा खाली गराई बसपार्क निर्माणको प्रक्रियालाई अगाडि बढाउने महानगरको योजना छ ।

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका नाममा झन्डै पाँच सय परिवार बसपार्कको जग्गामा घरटहरा बनाएर बसेको महानगरले जनाएको छ । वास्तविक सुकुम्बासीलाई उचित व्यवस्थापन गरी अतिक्रमित जग्गा खाली गराएर बसपार्क बनाइने महानगरप्रमुख आचार्यले बताउनुभयो । महानगरले बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन दलित तथा सुकुम्बासी परिवारको स्थानान्तरणका लागि जग्गा खोजी गर्न समिति पनि गठन गरिसकेको छ । सुकुम्बासी र भूमिहीन परिवारको व्यवस्थापनका लागि जग्गा पहिचान तथा सिफारिस गर्न वडा नं १७ का वडाध्यक्ष राधिका शाही योगीको संयोजकत्वमा सात सदस्यीय जग्गा व्यवस्थापन (खोजी) समिति गठन गरिएको हो ।

बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका तथ पछिल्लोपटक अद्यावधिक विवरण/लगत बुझाएका ५७२ सुकुम्बासी तथा भूमिहीन परिवारको लगत छानबिन तथा सत्यतथ्य पहिचानका लागि अर्को समिति पनि गठन भएको छ । महानगरपालिकाका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित सात सदस्यीय उक्त समितिले 'सुकुम्बासी समस्या सहजीकरण समिति' सँग आवश्यक समन्वय र सहकार्य गरी तथ्यगत अध्ययनका आधारमा महानगरपालिकालाई प्रतिवेदन पेस गर्नेछ । बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्रीवितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिन तथा न्यायिक निरूपण गर्न तीन सदस्यीय अर्को समिति पनि गठन गरिएको छ। पूर्वन्यायाधीश शङ्करराज बराल अध्यक्ष रहनुभएको उक्त समितिमा पूर्वजिल्ला न्यायाधिवक्ता गोविन्द गिरी सदस्य र पोखरा उपत्यका नगर विकास समितिका प्रशासकीय अधिकृत प्रकाश सुवेदी सदस्यसचिव रहनुभएको छ । महानगरपालिकाले पोखराको मध्यभागबाट बग्ने फिर्केखोलाको अतिक्रमित जग्गा पनि खाली गराउन सुरु गरेको छ । गत आइतबारदेखि सुरु भएको उक्त अभियानअन्तर्गत पोखरा-१८ अँधेरीकुनादेखि २, ४, ५, ७, ८, १७ हुँदै वडा नं ६ गाईघाट पुगेर फेवातालमा मिसिने फिर्केखोलाको खोलाघरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाइने भएको हो । प्राविधिक टोलीले नापजाँच गरी पोल गाडिएको क्षेत्रभित्रका सबै संरचना हटाइने महानगरपालिकाले जनाएको छ ।

# मन्दिरको 'पार्किङ' शुल्कबाट सङ्कलित रकम शैक्षिक सुधारमा

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ जेठ

बागलुङको प्रसिद्ध कालिका मन्दिर परिसरको 'पार्किङ' शुल्कबाट सङ्कलन गरिएको रकमलाई शिक्षा क्षेत्रमा खर्च गर्न थालिएको छ ।

कालिका भगवती गुठी व्यवस्थापन समितिले पार्किङ शुल्कबाट सङ्कलित रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्न दुई विद्यालमा रु चार लाखको अक्षयकोष स्थापना गरेको हो । व्यवस्थापन समितिले पदभार ग्रहण गरेको माघ महिनादेखि वैशाखसम्म सङ्कलित रकमबाट बालमन्दिर आधारभूत विद्यालय बागलुङ नगरपालिका-२ र रामरेखा आधारभूत विद्यालय बागलुङ नगरपालिका-१ रामरेखामा रु दुई/दुई लाखको अक्षयकोष स्थापना गरिएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले जानकारी दिनुभयो । उहाँले माघ महिनादेखि पार्किङबाट सङ्कलन भएको रु चार लाख रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्नका लागि विपन्न र गरिब परिवारका छोराछोरी पढ्ने विद्यालयमा अक्षयकोष स्थापना गरिएको जानकारी दिनुभयो ।

"पहिलो चरणमा दुई विद्यालयको कोष स्थापना गरेका छौँ? उक्त कोषको ब्याजबाट विद्यार्थीलाई शैक्षिक सामग्री खरिदमा सहयोग पुग्नेछ, पार्किङ शुल्कबाट आएको रकमले दुई वटै विद्यालयमा कोष वृद्धि गरेर चार/चार लाख पुऱ्याइने छ", उहाँले भन्नुभयो, "मन्दिरको पार्किङबाट सङ्कलन भएको रकम यसअघि मानव सेवा आश्रमलाई प्रदान गरिएको थियो, अब जिल्लाका विपन्न परिवारका छोराछोरी अध्ययन गर्ने सामुदायिक विद्यालयमा उक्त कोष स्थापना गरिनेछ ।" समितिले आवश्यकताका आधारमा थप सामुदायिक विद्यालयमा क्रमशः 'कालिका भगवती गुठी अक्षयकोष' स्थापना गर्दै जाने जनाएको छ । उक्त कोषबाट गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ। मन्दिरको सामाजिक उत्तरदायित्वअनुसार शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले कोष स्थापना गरिएको हो । कोष स्थापनाले विद्यालयलाई केही राहत पुग्ने रामरेखा आधारभूत विद्यालयका प्रधानाध्यापक सिर्जना पौडेलले जानकारी दिनुभयो । विद्यालयमा सीमान्तकृत माझी समुदायका छोराछोरी, अपाङ्ग भएका विद्यार्थीसहित १३० जना विद्यार्थी अध्ययनरत रहेको जानकारी दिनुभयो । उहाँले अधिकांश विद्यार्थी निम्नआय भएका परिवारबाट भएकाले सहयोगको आवश्यकता रहेको बताउनुभयो । उहाँले आगामी दिनमा पनि यस्ता सहयोगलाई निरन्तरता दिन आग्रह गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्रबहादुर केसीले विद्यार्थीको पोसाक, खाजा, झोला तथा यातायातजस्ता आवश्यकता विभिन्न निकायको सहयोगबाट व्यवस्थापन गर्दै आएको उल्लेख गर्दै कालिका गुठीको सहयोग विद्यार्थीको उज्ज्वल भविष्यका लागि महत्वपूर्ण हुने जानकारी दिनुभयो । समितिका अनुसार पार्किङ व्यवस्थापनमा खटिएका कर्मचारीको खर्च कटाएर २०८२ माघदेखि २०८३ वैशाखसम्म चार लाख रकम सङ्कलन भएको कालिका मन्दिरले जनाएको छ ।

हाल पार्किङ शुल्क स्वेच्छिक राखिएको भए पनि सामान्यतया मोटरसाइकल रु १० देखि चारपाङ्ग्रे सवारीसाधनबाट रु ५० सम्म सङ्कलन हुँदै आएको छ । आर्थिक अवस्था कमजोर भए पनि अध्ययन गर्न इच्छुक विद्यार्थीलाई यस्तो अक्षयकोषले महत्वपूर्ण सहयोग पुग्ने उनको भनाइ छ ।

# जलजलामा 'गोठस्टे' सञ्चालन

**सन्तोष गौतम**
म्याग्दी, १४ जेठ



म्याग्दीको धौलागिरि गाउँपालिका-२ मा रहेको पर्यटकीयस्थल जलजलामा पर्यटकको सुविधाका लागि 'गोठस्टे' (गोठबास) सञ्चालन भएको छ ।

समुद्री सतहदेखि तीन हजार ४१४ मिटर उचाइमा बस्तीदेखि टाढा रहेको जलजला घुम्न आउने पर्यटकलाई खाने बस्ने सुविधाका लागि स्थानीय पशुपालक किसानहरूले गोठबास सञ्चालन गरेका हुन् । गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने ढोरपाटन शिकार आरक्षमा समेटिएको जलजलामा बस्ती, होटल र रेष्टुराँ छैन । ढोरपाटन शिकार आरक्षको नीतिगत व्यवस्थाका कारण पक्की संरचना बनाउन नमिल्ने भएपछि गोठमा पर्यटक राख्ने नयाँ अवधारणा अघि सारिएको गोठबास सञ्चालक फुलबहादुर विश्वकर्माले बताउनुभयो ।

"पर्यटकहरूको अनुरोधमा गोठमै खाने बस्ने सुविधा दिएको हो", उहाँले भन्नुभयो, "गोठालाहरूलाई अतिरिक्त आम्दानी र पर्यटकहरूलाई सहज भएको छ ।" गोठबासमा बस्नका लागि पाहुनाहरूले अग्रिम रुपमा फोन गरेर 'बुक' गर्नुपर्छ । बीस जनाभन्दा बढी पाहुना भएमा पालो लगाउने गरिएको विकले बताउनुभयो। "यसअघि ढोरपाटनमा आएका सिमित पर्यटकहरू मात्रै जलजलामा आउने गरेका थिए", उहाँले भन्नुभयो, "म्याग्दी-ढोरपाटन र पूर्वी रुकुम जोड्ने सडकको मार्ग खुलेपछि दैनिकजसो चार/पाँच वटा गाडी तथा १५/२० वटा मोटरसाइकलमा १०० जनासम्म पर्यटक आउन थालेका छन् ।"

**पर्यटकलाई सहज**

गोठबासमा च्याउ, टुसा, ढकायोको तरकारी, ढिडो, आटो, गाईभैँसीको दूध, दही, मोही, खसीको मासुको परिकारको स्वाद लिन पाइन्छ । आन्तरिक पर्यटक प्रतापजङ्ग थापाले गोठबासको सुविधा भएपछि टेन्ट लगेर जानुपर्ने अथवा ओडार खोजेर रात कटाउनुपर्ने अवस्था हटेको बताउनुभयो । घुम्ती गोठको महसुस गर्न पाइने उहाँले अनुभव सुनाउनुभयो । जलजला धौलागिरि गाउँपालिकाको मुना, दर, फलियागाउँ, लुलाङ, लमसुङ, खोरिया र मरेनीका बासिन्दाको चरन क्षेत्र हो । बर्खायाममा जलजला उपत्यकामा भेडाबाख्रा, गाईभैँसी र घोडाको घुम्ती गोठ लैजाने चलन छ । बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकको गत फागुन महिनामा मार्ग खुलेपछि पूर्वी रुकुमको पुथा उत्तरगङ्गा र बागलुङको ढोरपाटन उपत्यका घुम्न आउने जलजलादेखि मुना हुँदै फर्कने 'रुट' बनाउन थालेका छन् । मोटरसाइकल र गाडीमा यात्रा गर्नेहरूका लागि जलजला साहसिक र आकर्षक गन्तव्य बनेको छ । नेपालको एकमात्र ढोरपाटन शिकार आरक्षको दुई वटा मनसुन र बार्से ब्लकसहित १३ प्रतिशत भूगोल म्याग्दीमा पर्छ । जलजला ढोरपाटन शिकार आरक्षको 'भ्यू पोइन्ट'को रुपमा विकास हुन थालेको छ ।

**जलजलाको आकर्षण**

समथर पाटनको शान्त वातावरणमा, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउनु जलजला उपत्यकाको विशेषता हो । समथर फाँटमा बसेर आँखै अगाडि देखिने हिमालको लर्कनले चित्रकारले कोरेको क्यानभासको आभास गराउँछ जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ ।

बर्खायाममा पशुगोठ, वन्यजन्तु, समथर फाँट, पहाडी भूगोल, वनजङ्गल, वसन्त ऋतुमा गुराँसे जङ्गलको अवलोकन गर्न पाउनु यहाँको अर्को विशेषता हो । जलजला क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपाण्डा)को वासस्थान भएकाले थप महत्व रहेको छ ।

**पूर्वाधार थपिँदै**

धौलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले गोठबास प्रभावकारी बनेको बताउनुभयो । "जलजलामा खानेपानीको व्यवस्था मिलाएको र सार्वजनिक शौचालय निर्माण थालिएको छ", उहाँले भन्नुभयो, "ढोरपाटन शिकार आरक्षसँग समन्वय गरेर अस्थायी टहरा र गोठ बनाएर गोठबासको क्षमता बढाउन पहल गरिएको छ ।" सार्वजनिक शौचालय र खानेपानी निर्माणका लागि चालु आर्थिक वर्षमा रु नौ लाख बजेट विनियोजन गरेको धौलागिरि गाउँपालिकाले यसै हप्ता जलजलामा पर्यटन प्रवर्द्धन कार्यक्रम पनि सम्पन्न गरेको छ । ताकमकोत, मुनामालिका, जलजला, गुर्जाघाट, रुघाचौर, गुर्जा, धौलागिरि आधार शिविर जोड्ने पदमार्गको अवधारणा अघि सारिएको छ ।

**कसरी पुग्ने ?**

धौलागिरि गाउँपालिकाको केन्द्र मुनादेखि जिप र मोटरसाइकलमा दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ । ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप र मोटरसाइकलमा करिब एक घण्टा ३० मिनेट यात्रा गर्नुपर्छ । दुईतर्फबाट पैदलयात्रा गरेर जलजला पुग्न पाँचदेखि छ घण्टा लाग्छ ।

# नेपाल एसियाली खेलकुद महिला क्रिकेट छनोटको सेमिफाइनलमा प्रवेश

**रासस**
काठमाडौं, १४ जेठ

नेपाली महिला क्रिकेट टोली एसियाली खेलकुद महिला क्रिकेट छनोटअन्तर्गत समूह 'बी' को खेलमा इन्डोनेसियालाई पराजित गर्दै सेमिफाइनलमा पुगेको छ ।

मलेसियाको क्वालालम्पुर स्थित बायुमास ओभल क्रिकेट मैदानमा आज खेलमा नेपालले इन्डोनेसियामाथी चार विकेटको जित निकाल्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो ।

प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जित हो । यसअघि भएको पहिलो खेलमा नेपालले चीनमाथि १९ रनको शानदार जित हात पारेको थियो । आजको खेलमा इन्डोनेशियाले नेपाललाई जितका लागि ११४ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपालले १९.३ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो । नेपालका लागि कप्तान इन्दु वर्माले अविजित ४२ रनको महत्वपूर्ण इनिङ्स खेलिन् । सोनी पाखरिनले २९ तथा सीता रानामगरले अन्तिम समयमा आक्रामक ब्याटिङ गर्दै ६ बलमा अविजित १३ रन जोडिन् । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको इन्डोनेसियाले निर्धारित २० ओभरमा चार विकेट गुमाएर ११३ रन बनाएको थियो । इन्डोनेसियाकी कप्तान नि पुतु आयु नन्दा सकारिनीले अविजित ५६ रन बनाइन् । त्यस्तै भने नी लुह देवीले २३ रनको योगदान दिइन् । बलिङतर्फ नेपालका लागि मनिषा उपाध्यायले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा नौ रन खर्चेर दुई विकेट लिइन् । त्यस्तै रिया शर्माले एक विकेट हात पारिन् । खेलमा उत्कृष्ट प्रदर्शन गरेकी इन्दु वर्मा प्लेयर अफ द म्याच घोषित भइन् ।

# हिल प्वाइन्टमा शिक्षक-अभिभावक अन्तरक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

पोखरा १२ माटेपानीस्थित हिल प्वाइन्ट सेकेन्डरी स्कुलमा प्राथमिक कक्षामा अध्ययनरत विद्यार्थीका अभिभावक तथा शिक्षकबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा विद्यालय, शिक्षक र अभिभावकको साझा उद्देश्य विद्यार्थीहरू असल र राम्रो बनुन् भन्ने रहेको बताउँदै विद्यालयका सहायक प्राचार्य गंगाराम पौडेलले जीवननोपयोगी सिपका लागि पढाइबाहेक घरका आफ्ना कामहरू, समाचार सुन्ने र पढ्ने, भाषाको अध्ययन गर्ने, संस्कार सिक्ने, समयको महत्व बुझ्ने र समयमा काम गर्ने कुरामा छोराछोरीलाई लगाउनुपर्ने विषयमा जोड दिएका थिए । अहिलेका विद्यार्थीहरूमा मोबाइल, विद्युतीय सामाजिक सञ्जाल र अनलाइन गेमसम्बन्धी समस्याहरू धेरै भएकाले विद्यालय प्रशासन, शिक्षक र अभिभावकहरू पनि चनाखो बन्नुपर्ने बताँए । अभिभावकहरूको तर्फबाट मनोहरि पौडेलले बेलाबेलामा विद्यार्थीहरूलाई अभिभावक, शिक्षक र विद्यालयले अभिप्रेरित परामर्श गर्नुपर्ने विषयमा जोड दिदै कुन विद्यार्थी कुन कुरामा कमजोरि रहेको छ त्यसको जानकारी अभिभावकहरुलाई दिदै शिक्षक वर्गले त्यसमा निगरानी गर्नुपर्ने बताए । यसै अवसरमा अभिभावकका जिज्ञासा मेट्दै विद्यालयका सहायक प्राचार्य गंगाराम पौडेल तथा शिक्षक कमल घिमिरे,सुवाश सुवेदीले विद्यार्थीहरूमा अद्भुत प्रतिभा रहेकाले उनीहरूको प्रतिभा पहिचान गरी प्रस्फुटनमा सहयोग गर्ने कार्यमा विद्यालयले जोड दिएको कुरा व्यक्त गर्दै अबको शिक्षा सहकार्यमा आधारित हुनुपर्ने, शिक्षक, विद्यार्थी र अभिभावकबिचको घनिष्ट सम्बन्धबाट मात्र शैक्षिक उद्देश्य पूरा गर्न सकिने धारणा राखे । विद्यार्थीहरू सैद्धान्तिक पढाइका साथ जीवनोपयोगी सिपमा पनि अगाडि बढ्नुपर्ने विचार व्यक्त गरे । विद्यालयका प्राचार्य दिवाकर जैसीको उपस्थितिमा भएको कार्यक्रम सहायक प्राचार्य गंगाराम पौडेलको सभापतित्वमा भएको थियो भने शिक्षिका लक्ष्मी चन्दले स्वागत मन्तव्य तथा शिक्षिका नलिन गुरुङले कार्यक्रम सञ्चालन गरेका थिइन् ।